# भाग ५

## नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हाल कायम रहेको पर्सा वन्यजन्तु आरक्षको क्षेत्रफलमा संलग्न बमोजिम चारकिल्ला भित्रको राष्ट्रिय वन क्षेत्रको ११३.६२ वर्ग कि.मी., मध्यवर्ति क्षेत्रबाट आरक्षमा समावेश गरिने १२.८७ वर्ग कि.मी., आरक्ष भित्रको बस्ती स्थानान्तरण भै कायम हुन आएको १.९० वर्ग कि.मी. र साबिकको ४९९ वर्ग कि.मी. सहित पर्सा वन्यजन्तु आरक्षको कुल क्षेत्रफल ६२७.३९ वर्ग कि.मी. कायम हुनेगरी सिमाना हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

<u>पर्सा वन्यजन्तु आरक्षमा कायम हुने क्षेत्रको चारकिल्ला</u>

पूर्व: काठमाडौं तराई द्रुतमार्ग (fast track) देखी पश्चिमपट्टी बकैया र नागमणी सामुदायीक वनले गरेको तारवारको दक्षिण पश्चिम सिमाना पथलैया–निजगढ राजमार्ग स्थित बिन्दु (GPS Location $27^0$ 10.73' N - $85^0$ 08.44' E) देखि कछडिया सामुदायिक वनको दक्षिण पश्चिमी किनारा (GPS Location - $27^0$ 12.6' N - $85^0$ 08.40' E) स्थित अग्निपथको बिन्दुसम्म ।

पश्चिमः आधाभार निर्मलबस्ती वनपथमा भेटिने भेडाहा खोलाबाट ५०० मिटर दक्षिणदेखि गई खोलैखोला उत्तरतर्फ मझौनाबाट पुरानो रेलवे लीग नं. ३ हुँदै भेडाहा खोलासम्म पुग्ने बिन्दु (GPS Location - $27^0$ 15.720' N - $84^0$ 58.487' E) सम्म ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्तरः मझौनाबाट पुरानो रेलवे लीग नं. ३ हुँदै भेडाहा खोलामा भेटिने बिन्दु (GPS Location - $27^0$ 15.720' N - $84^0$ 58.487' E) बाट हेटौंडा – पथलैया राजमार्गको पश्चिमी किनारामा अवस्थित मझौना हुंदै सिधा दुधौरा खोलासम्म र त्यहाबाट बंगेरी र दुधौरा खोलाको पूर्वी भंगालोको मिलन बिन्दु (GPS Location - $27^0$ 15.84' N - $85^0$ 01.53' E) सम्म र त्यसपछि बंगरी खोलाको पश्चिमी किनारा हुँदै कैलाशपति सामुदायीक वनको दक्षिण पूर्वी सिमानासम्म (GPS Location - $27^0$ 16.435' N - $85^0$ 61.913' E) र उक्त कैलाशपति सामुदायीक वनको दक्षिणी सिमाना हुँदै शिवशक्ती सामुदायीक वनको दक्षिण पूर्वी किनारासम्म (GPS Location - $27^0$ 16.782' N - $85^0$ 62.778' E) त्यसपछि उक्त वनको दक्षिणी सिमाना हुँदै धारापानी सामुदायीक वनको दक्षिण पूर्वी सिमानासम्म र धारापानी सामुदायीक वनको दक्षिण पूर्वी किनारामा स्थित पसाहा खोलाको पश्चिमी किनारा (GPS Location - $27^0$ 16.646' N - $85^0$ 63.841' E) बाट पूर्वी किनारा पार गरी पशुपति सामुदायीक वन र तपोभूमी सामुदायीक वनको उत्तर पश्चिमी सिमाना हुँदै आधाभारबाट पूर्वतर्फ गएको पुरानो वनपथ भेटिने स्थानसम्म र उक्त वनपथ बाट १५ मि. दक्षिण गई (GPS Location - $27^0$ 16.602' N - $85^0$ 64.190' E) त्यहाँबाट सिंधा पूर्वतर्फ जनमूखी सामुदायीक वनको दक्षिण पश्चिम किनारासम्म (GPS Location $27^0$ 13.87' N - $85^0$ 06.47' E) त्यसपछि बुद्धज्योती सामुदायीक वन र कल्की सामुदायीक वनको पश्चिम दक्षिण सिमानामा अवस्थित वनपथ हुँदै कछडिया सामुदायीक वनको दक्षिण पश्चिम सिमाना भएर दक्षिणी पूर्वी किनारा सम्म ।



४६६० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दक्षिणः आधाभार निर्मलबस्ती वनपथमा भेटीने भेडाहा खोलाबाट खोलैखोला ५०० मिटर दक्षिण तर्फ (GPS Location $27^0$ 13.626' N - $85^0$ 57.792' E) गई सो स्थानबाट सिधै पूर्व हेटौंडा पथलैया राजमार्गमा भेटिने बिन्दु (GPS Location $27^0$ 13.499' N - $84^0$ 59.247' E) सम्म र त्यहाँबाट सो राजमार्ग हुँदै पथलैया स्थित थानीमाई मन्दिरसम्म (GPS Location $27^0$ 12.14' N - $84^0$ 58.86' E) र पथलैयामा रहेको राजमार्गको संगम बिन्दुदेखि उत्तरपूर्वमा रहेका बिभिन्न संस्था ( सशस्त्र प्रहरी, नेपाल प्रहरी, खानेपानी संस्था, इलाका बन कार्यालय , टि. सि. एन.) तथा आवादी जग्गालाई बाहिर पार्दै ३ नं. खोल्सीसम्म (GPS Location $27^0$ 11.870' N - $85^0$ 59.11' E) र सो खोल्सीबाट पथलैया निजगढ राजमार्गसम्म र उक्त राजमार्गलाई बाहिर पार्दै पूर्वतर्फ बालगंगा खोलाको पुल हुँदै बिद्युत प्राधिकरणले ओगटेको क्षेत्रलाई बाहिर पार्दै (GPS Location $27^0$10.29' N – $85^0$ 3.71' E, $27^0$10.38' N – $85^0$ 3.75' E, $27^0$10.35' N – $85^0$ 3.82' E, $27^0$10.26' N – $85^0$ 3.78' E, क्षेत्रफल २.३९ हेक्टर ) पूर्वतर्फ पर्ने पसाहा खोलाको पुल पार गरी पसाहा रेञ्ज पोष्टले ओगटेको क्षेत्र (GPS Location $27^0$10.057' N – $85^0$ 4.374' E, $27^0$10.155' N – $85^0$ 4.463' E, $27^0$10.032' N – $85^0$ 4.705' E, $27^0$9.957' N – $85^0$ 4.657' E, क्षेत्रफल १० हेक्टर) लाई बाहिर पारी पुनः राजमार्ग हुँदै पूर्वतर्फ बकैया नागमणी सामुदायीक वनको राजमार्गमा अवस्थित पश्चिम दक्षिण सिमाना बिन्दु (GPS Location $27^0$10.73' N - $85^0$08.44' E) सम्म ।

## सूचना २

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हाल कायम



४६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।